२०८२ असार २४ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १९/२०८१/०८२

आज मिति २०८२ असार २४ गते मंगलबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री करण खडका पूर्वाधार विकास शाखा प्रमुख

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८२ असार २४ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १९/२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा
२. आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम संशोधन
३. विपद व्यवस्थापन कोषको रकम खातामा जम्मा गर्ने
४. करार कर्मचारीको म्याद थप
५. कार्यपालिकाका हालसम्मका काम कारवाही सभामा अनुमोदन
६. विविध कानुन तथा कार्यविधि
७. सेवा निवृत चिन्तामणी दाहाल को उपदान रकम भुक्तानी
८. वर्षातको समयमा अवरुद्ध सडक सुचारु गर्न मेसिनरी औजार प्रयोग
९. पालिकाको संगठन संरचना

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

सबै निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

निर्णय नं. २,

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री गोपाल रेउलेले पेश गरेको असार १० गतेको गाउँसभाको १७ औ अधिवेशनको तेस्रो बैठकमा पेश भएको बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभाको आगामी बैठकमा पेश गर्ने ।

निर्णय नं. ३,

विपद व्यवस्थापन कोष शिर्षकमा विनियोजन भएको रकम प्रकोप व्यवस्थापन खातामा जम्मा गर्ने र कर्मचारी कल्याणकोषमा विनियोजन भएको रकम कर्मचारी कल्याणकोष खातामा जम्मा गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८२ असार २४ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १९/२०८१/०८२

निर्णय नं. ४,

गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा एक वर्षका लागि म्याद थप गर्ने ।पञ्जिकरण इकाईमा कार्यरत फिल्ड सहायक सृजना खडका, रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक सन्देश गौतम र प्राविधिक सहायक प्रमिट गौतम को सेवा करार संघीय सरकारले निरन्तरता नदिएकाले पालिकाको कार्यबोझको आधारमा निजहरुलाई पालिकाका अन्य करार कर्मचारीले खाइपाई आएको सेवा शर्तमा काम गर्ने गरी एक वर्षका लागि म्याद थप गर्ने ।

निर्णय नं. ५,

कार्यपालिकाका हालसम्मका काम कारवाहीहरु अनुमोदनको लागि कार्यपालिकाका प्रवक्ता हेराम खडका मार्फत सभामा पेश गर्ने ।

निर्णय नं. ६,

सिस्ने गाउँपालिकाले निर्माण गरेका देहाय बमोजिमका ऐन, नीति, रणनीति, मापदण्ड तथा कार्यविधि स्वीकृत गरी अनुमोदनका लागि सभामा पेश गर्ने ।

तपसिलः

१. सिस्ने गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२
२. सिस्ने गाउँपालिकाको श्रम आप्रवासन नीति, २०८२
३. सिस्ने गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा रणनीति,२०८२
४. सिस्ने गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८२
५. सिस्ने गाउँपालिकाको नदीजन्य पदार्थ तथा खनिज पदार्थ उत्खनन, संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि, २०८२

निर्णय नं. ७,

यस सिस्ने गाउँ कार्यपालिकाको कार्यालयबाट सेवा निवृत हुनु भएका कर्मचारी चिन्तामणी दाहाल को नियमानुसार पाउने उपदान वापतको रकम संघीय मन्त्रालयले दिएर बाँकी रकम भुक्तानी गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८२ असार २४ | कार्यपालिका बैठक कक्ष | बैठक संख्याः १९/२०८१/०८२

निर्णय नं. ८,

पूर्वाधार एम्बुलेन्स सञ्चालन अन्तर्गत वर्षातको समयमा आउँन सक्ने विपदजन्य प्रकोप व्यवस्थापनका लागि भारी मेसिन उपकरण (लोडर, डोजर एस्काभेटर लगायत) प्रयोग गरी सडक लगायत अन्य पूर्वाधारको मर्मत गरी आपतकालिन समयमा पुनः सुचारु गर्नुपर्ने आवश्यकता रहेको साथै सो कामको लागि आर्थिक वर्ष २०८२/८३ को रुकुम पूर्वी भाग जिल्लाको दररेटमा निर्धारण नभएका तपसिल बमोजिमका भारी मेसिन/उपकरणको भाडादर आधार मानी उक्त दररेटलाई यस सिस्ने गाउँपालिकाको हकमा लागू हुने गरी स्वीकृत गरी सो बमोजिम भएको कामको भुक्तानीका लागि सम्बन्धित वडाका वडा अध्यक्ष/ जनप्रतिनिधी र प्राविधिक कर्मचारीको भुक्तानी सिफारिसको आधारमा भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

तपसिल:

| क्र.स. | मेसिन/उपकरण विवरण | इकाई | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|---|
| १ | ब्याकहो व्हील लोडर | प्रति घण्टा | ३००० | ढुवानी बाहेक, इन्धन सहित र मु.अ.कर बाहेक |
| २ | एस्काभेटर (१३०/१४० एच पि सम्म) | प्रति घण्टा | ४४०० | |
| ३ | एस्काभेटर (१३०/१४० एच पि सम्म) ब्रेकर समेत | प्रति घण्टा | ५१०० | |
| ४ | एस्काभेटर (२०५/२२० एच पि सम्म) | प्रति घण्टा | ५५०० | |
| ५ | एस्काभेटर (२०५/२२० एच पि सम्म) ब्रकर समेत | प्रति घण्टा | ६५०० | |

निर्णय नं. ९,

पालिकाको संगठन संरचना अर्को नयाँ संगठन तथा व्यवस्थापन संरचन तयार नहुँदासम्म पालिकाको विद्यमान देहाय बमोजिमको संगठन तथा व्यवस्थापन संरचना लागू गर्ने र सो को अनुमोदनको लागि सभामा पेश गर्ने ।

२०८२/३/२४

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

# अनुसूची - १ (प्रस्तावित संगठन संरचना)

**गाँउ सभा**

गाउँसभाबाट गठित समितिहरु
विधायक, शुसासन तथा लेखा समिति

वडा समितिहरु- ८

**गाउँ कार्यपालिका**

कार्यपालिका विषयगत समितिहरु
आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन, संगठन तथा प्रशसन समितिहरु

**अध्यक्ष**

**उपाध्यक्ष**

न्यायिक समितिको सचिवालय

**प्रमुख प्रशासकिय अधिकृत**
रा.प तृतीय -१/अधिकृत सातौं/आठौं

**प्रशासन, योजना तथा अनुगमन शाखा**
अधिकृत ६/७/८ औं (प्र./सा.प्र.)-१

**प्रशासन इकाइ**
सहायक तह५(प्र./सा प्र) -१
क.अ., ४/५ औं (विविध)-१
का.स श्रेणीविहिन-२

**राजश्व इकाइ**
सहायक ४/५ औं (प्र./सा.प्र.)-१

**योजना तथा अनुगमन इकाइ**
सहायक ५ औं (प्र./सा.प्र) -१
सहायक ४ औं (प्र./सा.प्र) -१

**कानुनी मामिला इकाइ**
सहायक ५ औं (न्याय/कानून)-१

**पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**
इन्जिनियर ६/७/८ औं (इन्जि/सिभिल/जनरल) - १

**सडक, सिचाई तथा अन्य पूर्वाधार विकास इकाइ**
सव-इन्जि, ५औं (इन्जि/,सिभिल)-१
अमिन ४औं (इन्जि/सर्वे) -१

**भवन नियमन तथा मापदण्ड कार्यान्वयन इकाइ**
इन्जिनियर ६ औं (इन्जि/सिभिल/जनरल) - १
अ सव-इन्जि, ४औं (इन्जि/,सिभिल)-१

**विपद वातावरण,सरसफाई तथा विपद् व्यवस्थापन इकाई इकाई**
खा.पा.स.टे., ४/५ (इ. सि. स्या.)-१

**शिक्षा, युवा तथा खेलकुद शाखा**
अधिकृत ६/७/८ औं (शिक्षा/शि.प्र.)-१
प्रा.स. ५ औं (शिक्षा/शि.प्र.)-१

शिक्षण संस्थाहरु

**वडा कार्यालयहरु ८**
सहायक पाचौं(प्र./सा प्र)-४
सव इन्जि. पाचौं(इन्जि/सि/जन)-४
अ.सव इन्जि. चौथो/(इन्जि/सि/जन)-४
सहायक चौथो/(प्र./सा प्र)-४

**सामाजिक तथा आर्थिक विकास शाखा**
अधिकत ६/७ औं (प्र./सा.प्र.)-१

**सामाजिक सुरक्षा तथा पन्जिकरण इकाइ**
सहायक ५ औं (प्र./सा.प्र.)-१

**महिला, बालबालिका तथा समाज कल्याण इकाइ**
म वि नि पाचौं/स.म.वि.नि.चौथो(विविध) -१

**आर्थिक विकास इकाइ**
सहायक ५ (प्र./सा.प्र.)-१

**स्वास्थ्य शाखा**
अधिकृत ७\८ (स्वा/हेइ)-१
स्टाफ नर्स ४/५ (क.न/ज.न)-१

**स्वास्थ्य चौकी (प्रत्येकको लागि)**
अधिकृत ६औं (स्वा.से./हे.इ.)-१
सहायक ५ औं तह(स्वा.से./हे.इ.)-१
सहायक ५ औं तह(स्वा.से./क.न.)-१
सहायक ४ औं तह(स्वा.से./हे.इ.)-१
सहायक ४ औं तह(स्वा.से./क.न.)-१
ल्याव असिस्टेन्ट तह ४/५ औं-१

**सामुदायिक स्वास्थ्य इकाइ तर्फ प्रत्येकमा**
अ हे व चौथो/पाचौं(स्वा/हेइ/ज.न.)–१
अनमी चौथो (स्वा/हेइ/ज.न.)–१

**आर्युवेद तर्फ**
कविराज पाँचौ १
बैद्य चौथो १

**आर्थिक प्रशासन शाखा**
अधिकृत ६/७ औं (प्र/लेखा) - १
सहायक ४/५औं (प्र/लेखा)-१

**पशुपन्छी विकास शाखा**
अधिकृत ६/७औं कृषि/भेट-१
प्रा.स., ५औं (भेट) -२
प्रा.स., ५औं (लापोडेडे) -१
नाप्रास चौथो (लापोडेडे) -२
ना प्रा स चौथो (भेट) -२

**प्रथामिक स्वास्थ्य सेवा केन्द्र तर्फ प्रत्येकमा**
अ हे व चौथो/पाचौं(स्वा/हेइ/ज.न.)–१
अनमी चौथो (स्वा/हेइ/ज.न.)–१

**आन्तरिक लेखापरिक्षण इकाई**
आन्तरिक लेखा परिक्षक ५औं (प्र./लेखा)-१

**कृषि विकास शाखा**
अधिकृत ६/ ७ औं (कृषि)-१
प्रा.स., ५औं (कृषि) -२
ना प्रा स चौथो(कृषि) -२

**सुचना प्रविधि शाखा**
सुचना प्रविधि अधिकृत ६/७ औं (विविध)-१

*सेवा करार तर्फः स.क.अ- २, का.स- ३, ह.स.चा.- ४,*

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष